# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ताराखोला गाउँपालिका


### बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## ताराखोला गाउँपालिका
### बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## ताराखोला गाउँपालिका

बागलुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशीक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७८।७९
च.नं. ४०
मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ताराखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाग्लुङ्ग ।

**कैफियत सहितको राय**

हामीले ताराखोला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५४ लाख ४५ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु २ लाख ७४ हजार र पेश्की रू. ३५ लाख ५० हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु ५ करोड ३८ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ७० लाख ७२ हजार रहेको छ। गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाज़ीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

जयराम घिमिरे

नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

रकम रु. हजारमा

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३१ | ११ | ५४४५ | ० | ० | ० | ३१ | ११ | ५४४५ | ६४९ | २७४ | ९७२ | ० | ० | १२४६ | ३५५० |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

रकम रु. हजारमा

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताराखोला गाउँपालिका | ५३८५१ | ० | २२२२४ | ३१६२७ | ० | ५४४५ | ३७०७२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : ताराखोला गाउँपालिका, बागलुङ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद शर्मा | २०७७-४-१ | २०७८-७-२४ |
| कार्यालय प्रमुख | खिम बहादुर वि.क | २०७८-८-१ | २०७९-३-१५ |
| कार्यालय प्रमुख | प्रकाश गैरे | २०७९-३-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | होबनाथ पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५,४४४,९०२.९६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,८९,७७,५९८.१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,९१,३२,७१५ | **चालु खर्च** | १९,०३,९२,०८५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१०,४९,००० | **पूँजीगत खर्च** | १३,३१,०४,२५४ |
| **राजश्व बाँडफाँट** | ५,४१,६७,६५१.१ | **वित्तीय/अन्य व्यवस्था** | ८,५७,६१,४२१.४९ |
| **आन्तरिक आय** | ६२,४०,८३४.०४ | | |
| **अन्य आय** | १,२६,९०,०१५ | | |
| **कुल आय** | ४२,३२,८०,२१५.१४ | **कुल खर्च** | ४०,९२,५७,७६०.४९ |
| **बाँकी मौज्दात** | | ३,३०,००,०५२.८३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ताराखोला गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १२९.५५ वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणका क्रममा अग्रिम कर वापत रु ४०२२५०।००, राष्ट्रपति शैक्षिक सुधारको रु ३६०००००।०० र एम्वुलेन्सको दाखिला गर्नुपर्ने रकम रु २४४९०।००,पारिश्रमिक कर र अग्रिम कर रु ८०३२०।०० ,सामाजिक सुरक्षा भत्ता रु ९५७८५।०० समेत रु ४२०२८८५।०० अशुली तथा दाखिला भएको छ । | |
| ४ | | | **संचितकोष प्राप्ति र भुक्तानी**<br>यस ताराखोला गाँउपालिकाको २०७८।७९ को सुत्र २७२ अनुसार वित्तीय विवरण देहाय बमोजिम रहेको छ । | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ३९,२१,१७,४९५.३१ | ३४,७०,३२,४९३.४७ | | ३४,७०,३२,४९३.४७ | ३६,४२,५३,७०९.६४ | | ३६,४२,५३,७०९.६४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३८,०५,००,००० | ३३,२४,१६,३२९.१६ | ० | ३३,२४,१६,३२९.१६ | ३२,४९,००,०२५.३७ | ० | ३२,४९,००,०२५.३७ |
| ११००० कर | ११ | ५,८७,५२,००० | ५,४१,६७,६५१.१२ | ० | ५,४१,६७,६५१.१२ | ५,१४,०५,२०७.३७ | ० | ५,१४,०५,२०७.३७ |
| १३००० अनुदान | | ३१,७४,३८,००० | २७,२०,०७,८४४ | ० | २७,२०,०७,८४४ | २७,३४,९४,८१८ | ० | २७,३४,९४,८१८ |
| संघीय सरकार | १२ | २९,४८,८९,००० | २५,५९,५८,८४४ | ० | २५,५९,५८,८४४ | २३,४३,९०,८१८ | ० | २३,४३,९०,८१८ |
| प्रदेश सरकार | १२ | २,२५,४९,००० | १,६०,४९,००० | ० | १,६०,४९,००० | ३,७१,०४,००० | ० | ३,७१,०४,००० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | २०,००,००० | ० | २०,००,००० |
| १४००० अन्य राजस्व | | ४३,१०,००० | ६२,४०,८३४.०४ | ० | ६२,४०,८३४.०४ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,१६,१७,४९५.३१ | १,४६,१६,१६४.३१ | | १,४६,१६,१६४.३१ | ३,९३,५३,६८४.२७ | | ३,९३,५३,६८४.२७ |
| कोषहरु | | १,१६,१७,४९५.३१ | १,१५,०५,४९५.३१ | ० | १,१५,०५,४९५.३१ | ३,३१,३२,१३९.३१ | ० | ३,३१,३२,१३९.३१ |
| धरौटी | | ० | ३१,१०,६६९ | ० | ३१,१०,६६९ | ६२,२१,५४४.९६ | ० | ६२,२१,५४४.९६ |
| भुक्तानी (ग+घ) | | ४१,४६,१०,४९५.३१ | ३३,०९,४४,९६८.५१ | | ३३,०९,४४,९६८.५१ | ३४,४३,५७,५६९.९९ | | ३४,४३,५७,५६९.९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४०,२९,९३,००० | ३२,३४,९६,३३९ | | ३२,३४,९६,३३९ | ३१,२४,०७,६३४.९९ | | ३१,२४,०७,६३४.९९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,०७,४५,००० | ९,७९,२३,२०३ | ० | ९,७९,२३,२०३ | ७,२६,०२,३६६ | ० | ७,२६,०२,३६६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,९४,७७,८६० | ८,९७,१२,०७८ | ० | ८,९७,१२,०७८ | १०,९२,६२,८३३.२४ | ० | १०,९२,६२,८३३.२४ |
| २५००० सहायता (Subsidy) | १८ | ६,३१,००० | ५,२१,७०० | ० | ५,२१,७०० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ९,९०,००० | ५,६७,४१० | ० | ५,६७,४१० | १,६३,८९,२३० | ० | १,६३,८९,२३० |
| २७००० सामाजिक सुरक्षा | १८ | २७,६०,००० | ५,००,५८३ | ० | ५,००,५८३ | ६,६७,१४० | ० | ६,६७,१४० |
| २८००० अन्य खर्च | १८ | २३,००,००० | ११,६७,१११ | ० | ११,६७,१११ | ६,८१,४०० | ० | ६,८१,४०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,४६,८९,१४० | १३,३१,०४,२५४ | ० | १३,३१,०४,२५४ | ११,२८,०४,६६५.७५ | ० | ११,२८,०४,६६५.७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | १८ | १४,००,००० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,१६,१७,४९५.३१ | ७४,४८,६२९.५१ | | ७४,४८,६२९.५१ | ३४,४३,५७,५६९.९९ | | ३४,४३,५७,५६९.९९ |
| कोषहरु | | १,१६,१७,४९५.३१ | ५७,१०,९७८ | ० | ५७,१०,९७८ | ३,०७,८४,३३४ | ० | ३,०७,८४,३३४ |
| धरौटी | | ० | १७,३७,६५१.५१ | ० | १७,३७,६५१.५१ | ११,६५,६०१ | ० | ११,६५,६०१ |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,२४,९३,०००) | १,६०,८७,५२४.९६ | | १,६०,८७,५२४.९६ | १,९८,९६,१३९.६५ | | १,९८,९६,१३९.६५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,७०,५१,४४८.८७ | | १,७०,५१,४४८.८७ | १,५१,१०,२९९.२९ | | १,५१,१०,२९९.२९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,२४,९३,०००) | ३,३१,३८,९७३.८३ | | ३,३१,३८,९७३.८३ | ३,५०,०६,४३८.९४ | | ३,५०,०६,४३८.९४ |
| बैंक तथा नगद बाकी | २४ | | ३,३१,३८,९७३.८३ | | ३,३१,३८,९७३.८३ | १,८९,३३,३४८.१८ | | १,८९,३३,३४८.१८ |

| | | | | |
|---|---|---|---|---|
| z५ | | | **राजश्व व्यवस्थापन** | |
| ५.१ | | | **रसिदको ठेलि उपलब्ध नभएको** : अर्गल स्वास्थ्य चोकि वडा नं. २ ले पालिकाबाट आर्थिक वर्ष ०७८।७९ को लागि रसिद नम्बर ३७०१ देखि २७५० सम्मको रसिद बुझेर लगेकोमा सो रसिदबाट के कति राजश्व प्राप्त भई के कति रसिद बाँकी रहेको छ सोको प्राप्ति तथा बाँकी प्रमाण पेश नभएकोले के कति आम्दानी प्राप्त भयो पालिकाले छानविन गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **सामुदायिक वनवाट रकम प्राप्त नगरेकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत २४ सामुदायिक वन उपभोक्ता समितिले रहेकोमा के कति वन पैदावार विक्री भयो सोको विवरण प्राप्त नभएकोले एकिन हुन सकिएन । यस सम्वन्धमा वन पैदावार वाहिर निकासी नभएको कार्यालयको भनाइ रहेको छ । | |
| ५.३ | | | **राजस्व** :आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको। | |
| ५.४ | | | **नदीजन्य पदार्थ तथा प्राकृतीक श्रोतः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो । | |
| ५.५ | | | **राजस्व अनुमान तथा असुलीः** पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू.४३१०००।०० लाख राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष रु.६२४०८३४।०० संकलन भएको देखिन्छ । पालिकाले गरेको अनुमानको तुलनामा १४४.७९ प्रतिशत राजस्व आम्दानी भएको देखिन्छ । पालिकाले आयको शिर्षकगत अभिलेख थप व्यवस्थित राख्ने तथा असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ। | |
| ६ | | | **खरिद व्यवस्थापन** | |
| ६.१ | | | बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको प्रमाण पुग्नेगरी लेखा राख्नुपर्ने व्यवस्था छ । गोश्वारा भौचर नम्वर ३५।०७८।८।१७ वाट मसलन्द तथा कार्यालय सामाग्री खरिद गरे वापत रु.४१८४९५।०० अफिस सामान सप्लाइ | ६३,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्टोर्स लाइ भुक्तानी दिएकोमा ए फोर पेपर प्रति कार्टुन रु ३०००।०० का दरले रु ६३०००।०० भुक्तानी दिनु पर्नेमा रु १२६००० भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रकम अशुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ वमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु २० लाख सम्म सिलवन्दी दरभाउपत्रवाट र सो भन्दा माथि वोलपत्रको माध्यमवाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमा भन्दा वढीको खरिद गर्न नहुने एवं एउटा आपुर्ति कर्ता संग एक पटकभन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजिगत शिर्षकवाट कार्य गराउदा निम्नानुसार एउटै व्यावसायी तथा विभिन्न फर्म संग एक पटक भन्दा वढी सोझै खरिद गरेको देखिएकोले सार्वजनिक खरिद नियमावली बमोजिम खरिद व्यवस्थापन कार्य गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं</th><th>खरिद विवरण</th><th>भुक्तानी पाउने</th><th>खरिद रकम</th></tr>
<tr><td>७५।०७८।९।२९</td><td>सेमी ल्याव एनालाइजर खरिद</td><td>अन्नपुर्ण सर्जिकल</td><td>४६५०००</td></tr>
<tr><td>११७।०७९।१।२३</td><td>औषधी खरिद</td><td>अन्नपुर्ण सर्जिकल</td><td>२१८२७९</td></tr>
<tr><td>२१६।२०७९।३।२४</td><td>साल्टर स्केलर जोखिम मेशिन खरिद</td><td>अन्नपुर्ण सर्विकल</td><td>३४३५०८</td></tr>
<tr><td>११३।०७८।१०।२०</td><td>भेटेनरी औषधी खरिद</td><td>वराल भेटेनरी सप्लायर्स</td><td>२५००००</td></tr>
<tr><td>३०९।२०७९।३।१०</td><td>भेटेनरी औषधी खरिद</td><td>वराल भेटेनरी सप्लायर्स</td><td>१५००००</td></tr>
<tr><td colspan="3">कार्यालय व्यवस्थापन खर्च</td><td></td></tr>
<tr><td>१३५।०७९।१।१५</td><td>कार्यालयको लागि फर्निचर खरिद</td><td>मल्ल फर्निचर उधोग</td><td>४९०८९५</td></tr>
<tr><td></td><td>कार्यालयको लागि सोफा खरिद</td><td>मल्ल फर्निचर</td><td>४९७४९९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२४१५१८१</td></tr>
</table></td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा</td><td>३,५५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फछ्र्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्र्यौट गर्नुपर्ने रु.३५५००००।००
<table>
<tr><th>पेश्की लिने</th><th>बापत</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>खंगी खोला झो.पु निर्माण उपभोक्ता समिति</td><td>झो.पु निर्माण</td><td>-</td><td>७०००००</td></tr>
<tr><td>त्रिशुली पुल उपभोक्ता निर्माण समिति</td><td>पुल निर्माण</td><td>-</td><td>७५००००</td></tr>
<tr><td>दोभानखोला घाट झो.पु निर्माण</td><td>झो.पु निर्माण</td><td>-</td><td>३०००००</td></tr>
<tr><td>निस्ती खोला झोलुङगे पुल उपभोक्ता निर्माण समिति</td><td>झो.पु निर्माण</td><td>-</td><td>४५००००</td></tr>
<tr><td>मैन पकाउने घास ट्रसपुल निर्माण उपभोक्ता समिति</td><td>ट्रस पुल निर्माण</td><td>-</td><td>३०००००</td></tr>
<tr><td>रुदीवरनाघाट झो.पु निर्माण उ स</td><td>झो.पु निर्माण</td><td>-</td><td>७५००००</td></tr>
<tr><td>सादीखोला घाट ट्रसपुल निर्माण उ स</td><td>ट्रस पुल निर्माण</td><td>-</td><td>३०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३५५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.४०४८७१।६५ समेत रु.३५१९२६९।०० समान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुल्य अभिवृद्धि कर</th></tr>
<tr><td>१२।२०७८।९।२८</td><td>जेसिज निर्माण सेवा</td><td>६०७९९७४७७</td><td>विजक नम्वर हातले लेखेको, विजक नम्वर ४</td><td>१७०००००</td><td rowspan="2">१९५७१४</td></tr>
<tr><td>१७।०७८।१०।८</td><td>जेसिज निर्माण सेवा</td><td></td><td>विजक नम्वर हातले लेखेको, विजक नम्वर ६</td><td>१०४४२८४</td></tr>
<tr><td>१७६।२०७९।३।१४</td><td></td><td>६०९६२७२३५</td><td></td><td>७७४९८५</td><td>४५७६७</td></tr>
</table>
</td><td>२४१,४८१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | |
|---|---|---|---|---|---|
| १७३।२०७९।३।१० | लेवल अप कन्सट्रक्सन एण्ड सप्लायस प्रालि | | विलक नम्वर १२० र ११६ हातले लेखेको हातले लेखेको | | |
| जम्मा | | | | ३५१९२६९ | २४१४८१ |

</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>परामर्श खर्च : सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म सस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था भएकोमा पालिकामा कार्यरत जनशक्तिवाट काम हुन सक्ने नसक्ने सम्वन्धमा कुनै स्पष्ट नगरी निम्नानुसारको गोश्वारा भौचर नम्वर र मितिवाट देहायको कार्यवापत रु खर्च लेखेकोमा पालिकाको प्राविधिकवाट कार्यहुन सक्ने नसक्ने सम्वन्धमा स्पष्ट नगरी परामर्श खर्च लेखेको छ। पालिकामा कार्यरत प्राविधिकवाट हुन सक्ने नसक्ने स्पष्ट गरी एकै प्रकृतिको कार्यलाई एउटै प्याकेज वनाई प्रतिस्पर्धाको माध्यमवाट परामर्शको कार्य गराउनु पर्दछ। साथै सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धी मापदण्ड ,२०७७ को वुदा ९ को ५ मा सार्वजनिक निकायको संयन्त्रवाट सम्पादन हुन सक्ने ऐन ,नियम, विनियम ,कार्यविधि, रणनीतिक कार्ययोजना, मापदण्ड ,निर्देशिका ,मार्गदर्शन तर्जुमा वा सम्भाव्यता अध्ययन गर्ने जस्त कार्य गर्दा परामर्शदातावाट गराउन पाइने छैन भनि उल्लेख भएको छ । कार्यालयलले सार्वजनिक कानुन तथा खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धी मापदण्डको पालना हुनु पर्दछ ।

| गो भौ न र मिति | योजनाको नाम | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| ५९।२०७८।९।४ | डिजिटल प्रोफाइल निर्माण | जेलवेल इन्नोभेसन प्रा लि | १४९६००० |
| २४१।०७९।१।१५ | संगठन व्यस्थापन सर्भेक्षण प्रतिवेदन | आर्क कन्सल्टेन्स इन्जिनियरिङ प्रा लि | २४८७५८ |
| ३४५।२०७९।३।२१ | गाँउपालिकाको विकास डकुमेन्ट्री | समाचार मिडिया नेटवर्क | ४९९००० |
| जम्मा | | | २२४३७५८ |

</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>वढी भुक्तानी : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसके पछि सम्वन्धित सार्वजनिक निकायवाट खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराइ त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट व्यहोरेको श्रम,नगद वा जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ । प्राविधिक मुल्याङकन तथा नापी किताव</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुसार देहायका विद्यालयहरुलाई निम्नानुसारको सामाग्री खरिदमा विलअनुसार तिरेको रकम भन्दा वढी मुल्याङकन भइ भुक्तानी भएको देखिएको रकम अशुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>सामाग्री</th><th>सिमेन्टको विल रकम</th><th>मुल्याकंन भएको रकम</th><th>विल भन्दा वढी भुक्तानी</th></tr>
<tr><td>४१।२०७९।२।१७</td><td>मालारानी आवासिय विद्यालय ४ कोठ भवन निर्माण</td><td>सिमेन्ट</td><td>१३८९८०</td><td>१८९८४०</td><td>५०८६०</td></tr>
<tr><td>"</td><td>मालारानी आवासिय विद्यालय ४ कोठ भवन निर्माण</td><td>व्रिक मेशिनरी कार्य इटा खरिद</td><td>२५०८६०</td><td>२७०६५३</td><td>१९७९३</td></tr>
<tr><td>"</td><td>जुल्फे प्रा वि २ कोठे भवन</td><td>व्रिक मेशिनरी कार्य इटा खरिद</td><td>१७६६३२</td><td>२१७३२८</td><td>४०६९६</td></tr>
<tr><td>"</td><td>जनता प्रा वि २ कोठे भवन निर्माण</td><td>सिमेन्ट</td><td>११५९६२</td><td>१७५१८७</td><td>५९२२५</td></tr>
<tr><td>"</td><td>अर्गल मा वि ४ कोठे भवन</td><td>व्रिक मेशिनरी कार्य इटा खरिद</td><td>२०८५९८</td><td>२२३१९८</td><td>१४६००</td></tr>
<tr><td>"</td><td>अर्गल मा वि ४ कोठे भवन</td><td>सिमेन्ट</td><td>४५७६५०</td><td>५९४८३६</td><td>१३७१८६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३४८६८२</td><td>१६७१०४२</td><td>३२२३६०</td></tr>
</table></td><td>३२२,३६०</td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>वढी भुक्तानी : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसके पछि सम्वन्धित सार्वजनिक निकायवाट खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराइ त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट व्यहोरेको श्रम,नगद वा जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ ।प्राविधिक मुल्याङकन तथा नापी किताव अनुसार देहायका विद्यालयहरुलाई निम्नानुसारको सामाग्री खरिदमा विलअनुसार तिरेको मु.अ. कर रकम भन्दा वढी मुल्याङकन भइ भुक्तानी भएको देखिएको रकम अशुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भा न र मिति</th><th>योजनाको नाम</th><th>सामाग्री</th><th>विल रकम</th><th>मुलल्याङकन भएको रकम</th><th>विल भन्दा वढी भुक्तानी</th></tr>
<tr><td>५७।०७८।१२।१</td><td>घुस्मेली कभर्ड हल निर्माण उ.स</td><td>सिमेन्ट</td><td>९००४९</td><td>१३१९८४</td><td>४१९३५</td></tr>
<tr><td>२।०७९।३।२५</td><td>दुर्गा भवानी मन्दिर निर्माण उ.स</td><td>इटा</td><td>९१०००</td><td>१२७५७२</td><td>३६५७२</td></tr>
<tr><td>११४।२०७८।१२।३०</td><td>वुङतीघाट ग्याविन जाली निर्माण उ.स</td><td>ग्याविन जालि खरिद</td><td>२१८१६५</td><td>२३८३८७</td><td>२०२२२</td></tr>
</table></td><td>९८,१८९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | | | ९८१८९ | | |
| ८ | | | **स्वास्थ्य**<br>स्वास्थ्य तर्फ : पदाधिकारी सहभागी तथा यातायात सुविधा गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत अनुगमन मुल्यांकन यातायात सुविधा वापत भत्ताको व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार पालिकाले पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता उपलव्ध गराएकोमा विभिन्न कार्यक्रम तथा योजना निर्माण कार्यको अनुगमन मुल्यांकन भनी समय समयमा दैनिक अनुगमन तथा यातायात र सहभागी भत्ता भुक्तानी दिएको देखिन्छ। यसरी देहायवमोजिमको दोहोरो पर्ने गरी भुक्तानी भएको अनुगमन भत्ता असुल हुनुपर्ने रु. | | | | | ४१,३८५ |
| | | | गो भौ न र मिति | योजना तथा कार्यक्रमको नाम | अनुगमन गर्ने पदाधिकारी | कर वाहेकको भत्ता रकम | कैफियत | |
| | | | ११ | टाइफाइड खोप अभियान सञ्चालन | गा पा अध्यक्ष धन वहादुर वि क | १०९५ | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | वहुक्षेत्रीय पोषण कार्यक्रम | गा.पा.अध्यक्ष प्रकाश घर्ती मगर | ६४६० | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | सहभागी तथा यातायात खर्च | उपाध्यक्ष डिल कुमारी पुन | ६४६० | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | सहभागी तथा यातायात खर्च | वडा अध्यक्ष यम वहादुर श्रीस | २७०० | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | सहभागी तथा यातायात खर्च | वडा अध्यक्ष भद्र वहादुर घर्ती | २७०० | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | सहभागी तथा यातायात खर्च | वडा अध्यक्ष दिल वहादुर वस्नेत | १७०० | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | सहभागी तथा यातायात खर्च | वडा अध्यक्ष जित वहादुर खत्री | २५०० | सहभागी तथा यातायात खर्च | |
| | | | ७२।२०७८।११।११ | सहभागी तथा यातायात खर्च | वडा अध्यक्ष राम वहादुर रोका | २७०० | सहभागी तथा यातायात खर्च | |
| | | | १११।०७९।१।५ | हात्तिपाइले रोग विरुद्धको आम औषधी खुवाउने कार्यक्रम | अध्यक्ष प्रकाश घर्तिमगर | ४२५० | सहभागी तथा यातायात खर्च | |
| | | | १११।०७९।१।५ | हात्तिपाइले रोग विरुद्धको आम औषधी खुवाउने कार्यक्रम | उपाध्यक्ष डिल कुमारी पुन | ४२५० | सहभागी तथा यातायात खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १५०।०७९।३।५ | परिवार नियोजन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | गा.पा.अध्यक्ष धन वहादुर वि.क | ११९५ | सहभागी तथा यातायात खर्च |
| १५०।०७९।३।५ | परिवार नियोजन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | गा.पा.उपाध्यक्ष भिम वहादुर रोका | ११९५ | सहभागी तथा यातायात खर्च |
| १५०।०७९।३।५ | परिवार नियोजन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | वडा अध्यक्ष कर्ण भण्डारी | ११९५ | सहभागी तथा यातायात खर्च |
| १५०।०७९।३।५ | परिवार नियोजन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | वडा अध्यक्ष यम वहादुर श्रीस | ११९५ | सहभागी तथा यातायात खर्च |
| १५०।०७९।३।५ | परिवार नियोजन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | वडा अध्यक्ष भद्र वहादुर घर्ती | ५९५ | सहभागी तथा यातायात खर्च |
| १५०।०७९।३।५ | परिवार नियोजन सम्वन्धी अभिमुखीकरण कार्यक्रम | वडा अध्यक्ष डिल वहादुर खत्री | ११९५ | सहभागी तथा यातायात खर्च |
| जम्मा | | | ४१३८५ | |

९

**कृषि**

कृषि अनुदानः पालिकाले चालु तथा संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ।

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| १६३,१६४,१५९,१६०,१३६ पालिका चालु तर्फ | थ्रेसर मेशिन र मिनिटिलर ५० प्रतिशत अनुदानमा वितरण | ६८८००० |
| १३७।०७९।२।२५ | सिले मकै पकेट समन्वय समिति | ५८२००० |
| २०८।०७९।३।२४ | बाखा पकेट झुलेनी कृषक समुह | १३६२००० |
| २०९।०७९।३।२५ | बाखा पकेट निरन्तरता पाताल कटेरी कृषक समुह | ६७५००० |
| २१०।०७९।३।२४ | आलु पकेट नागवेलीखोला आर्गानिक कृषक समुह | ९०५६०२ |
| २११।०७९।३।२४ | ताराखोला पाडापालन समिति पाडा खरिद तथा खोर निर्माण | १६९९००० |
| २१२।०७९।३।२४ | जुल्फे किवि पकेट समन्वय समिति | ४४०८३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ६३५२४३५<br>• अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन ।अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।<br>• अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>• कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।<br>अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन । | |
| १० | | | **शिक्षा तर्फ कार्यक्रम खर्च** | |
| १०.१ | | | वढी निकासा<br>• विद्यालयहरुको करार शिक्षक व्यवस्थापन कार्यविधि, २०७८ वमोजिम वराहखोला आवासिय विद्यालय शिक्षक विद्या थापालाई २०७८ श्रावण देखी माघ सम्मको रु ३०२००।०० का दरले २४१६००।०० निकासा हुनुपर्नेमा रु. २५७६००।०० निकासा भएकोले वढी निकासा भएको रकम अशुल हुनुपर्ने रु. १६०००।००<br>• कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं १.१.३.३ र १.१.३.४ बमोजिम तोकीएको दर तथा शिक्षक किताबखानाले तोकेको ग्रेड हुनेगरी शिक्षकहरुको तलब भत्ता दिनुपर्छ ।जन प्रेम मा.वि.फाल्गुन र चैत्र महिनाको माग फारम अनुसार मा.वि. / आ.वि तथा प्राथमिक विद्यालयको गरी जम्मा रु.१०१९४२०।०० निकासा माग गरेकोमा गोश्वारा भौचर नम्वर १०२।०७८।१२।१८ वाट रु.१०४५२५०।०० निकासा भएकोले वढी निकासा भएको रु.२५८२५।००अशुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.<br>• निम्नानुसारको विद्यालयहरुलाई निकासा माग गर्दा कार्यालय सहयोगीहरुलाइ निकासा हुनुपर्ने भन्दा वढी निकासा भएको देखिएकोले वढी निकासा दिएको उक्त रकम रु. ६७५००।०० अशुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने ६७५००।०० | १०९,३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नेपाल मा वि तारा</td><td>७५००</td></tr>
<tr><td>२</td><td>हरि मा वि</td><td>७५००</td></tr>
<tr><td>३</td><td>जन प्रेम मा वि</td><td>७५००</td></tr>
<tr><td>४</td><td>प्रजतन्त्र विकास मा वि</td><td>७५००</td></tr>
<tr><td>५</td><td>अर्गल मा वि अर्गल</td><td>७५००</td></tr>
<tr><td>६</td><td>दुर्गा भवानी मा वि</td><td>७५००</td></tr>
<tr><td>७</td><td>झारखोर आ.वि हिल</td><td>७५००</td></tr>
<tr><td>८</td><td>मालारानी आवासिय विद्यालय</td><td>७५००</td></tr>
<tr><td>९</td><td>वराहखोला आवासिय विद्यालय</td><td>७५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>विल भर्पाइ पेश नभएको : कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८।०७९ को ८.३ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान वापत नेपाल मा.वि नमुना विद्यालय लाई गोश्वारा भौचर नम्वर ५३।२०७९।३।१० र ६६।२०७९।३।२३ वाट क्रमश रु. ११९०००००।०० र ३००००००।०० समेत रु. १४९०००००।०० निकाशा गएकोमा भवन निर्माण र डिपिआर समेत रु.१४२१६०५४।०४ को मुल्याङकन तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले निकासा भएको मध्ये बाँकी रहेको रु.६८३९४५।९६ को विलभर्पाइ तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने अन्यथा उक्त रकम अशुल गरी वेरुजु खातामा दाखिला गर्नुपर्ने रु.</td><td>६८३,९४५.९६</td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>पढदै कमाउदै कार्यक्रमः राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढदै कमाउदै सञ्चालन कार्यविधि २०७८ मा को वुँदा नम्बर ८ मा कार्यक्रम सञ्चालनका लागि छनौंट भएका विद्यालयमा कार्यक्रम सञ्चालन गर्न शुरुमा ५० प्रतिशत रकम स्थानीय तहमा शसर्त अनुदानको रुपमा वित्तिय हस्तान्तरण गर्ने र बाँकी रकम विद्यालयको कार्य प्रगतिको आधारमा उपलव्ध गराइने उल्लेख भएकोमा गो.भौ.न १९८ मिति २०७९।३।२४ वाट Learning by</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | Earning कार्यक्रम सञ्चालनका लागि श्री अर्गल माध्यामिक विद्यालयलाई रु.१००००००।०० निकासा दिएकोमा उक्त कार्यक्रम सञ्चालन भए नभएको सम्वन्धमा कार्यालयवाट अनुगमन हुनु पर्दछ । | |
| ११ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले मृत्यु भएका लाभग्राहीको लगत कट्टा नगरेको, दोहोरो दर्ता गरेको, साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएकोले पालिकाले समयमै लाभग्राहिको विवरण अद्यावधिक गराई सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउन उल्लेखित व्यवस्थाहरु पालना गर्नुपर्दछ । | |
| १२ | | | **अन्य प्रशासनिक खर्च तथा विविध** | |
| १२.१ | | | **प्रमाण पेश नभएको**ः प्रशासन सहायक वडासचिव पहलमान थापालाई २०७८।७।२८ देखी २०७८।९।४ सम्म गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा ३० दिने सेवाकालिन तालिमवापत रु. ४६४९०।०० दैनिक भ्रमण भत्ता भुक्तानी भएकोमा निजले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानवाट दैनिक भ्रमण भत्ता लिएनलिएको सम्वन्धमा प्रमाण पेश नभएकोले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले तालिमको लागि पठाएको पत्र तथा उक्त प्रतिष्ठानले दैनिक भ्रमण भत्ता भुक्तानी नगरेको प्रमाण पेश हुनुपर्ने रु. | ४६,४९० |
| १२.२ | | | २१८।०७९।१।५ आयकर ऐन,२०५८ मा विना लगानी आकस्मिक रुपमा प्राप्त हुने उपचार ,चिट्ठा पुरस्कार ,वक्सिस जितौरी जस्ता स्रोतवाट प्राप्त हुने नगद तथा जिन्सीलाई आयको स्रोतको रुपमा मानि २५ प्रतिसत आकस्मिक लाभकर कट्टी गरी वँकी रकम भुक्तानी दिने व्यवस्था रहेको छ । यस कार्यालयले शहिद स्मृति खोजमुलक पत्रकारिता पुरस्कार वापत पत्रकारहरु प्रकाश वराल ,राम थापा अविरल ,साधना पन्त र पुर्णभद्र न्युरेलाइ जनही रु.१५९००।०० को दर्ले रु ६० हजार पुरस्कार स्वरुप वितरण गरेकोमा आकस्मिक लाभकर वापत २५ प्रतिशत दरले हुन आउने रु १५०००।०० कट्टी नगरी सवै रकम भुक्तानी भएकोले सो पुरस्कार प्राप्त गर्ने व्यक्तिहरुवाट अशुल गरी आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु | १५,००० |
| १२.३ | | | **आन्तरिक लेखापरीक्षण वाट देखिएका व्यहोरा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ५१।०७८।९।२ महिला शसक्तिकरण कार्यक्रम भनि तिज पर्वमा गाँउपालिकाका ५ वटै वडामा रु २१००००।०० खर्च लेखेकोमा महिला शसक्तकररण हुने खालको कुनै कार्यक्रम नहुनु र खाजा खानामा मात्रै ठुलो रकम खर्चिनु आर्थिक मितव्ययीता विपरित देखिन्छ । यसको साथै कार्यपालिका वैठक, गाउसभा उदघाटन कार्यक्रम तथा अतिथि सत्कार जस्ता कार्यमा खर्च कम गरी चालु प्रकृतिका खर्च कटौतीकमा ध्यान दिनुपर्ने देखिन्छ ।<br>• १२२।२०७८।१०।२६ स्थानीय पाठ्यक्रम निर्माणको कार्य सम्पन्न गरे वापत रु २०७८१५।०० भुक्तानी भएकोमा पाठ्यक्रम निर्माणको प्राविधिक कार्यदल वैठक तथा पाठ्यक्रम लेखन वैठकमा सहभागी शिक्षक तथा कर्मचारीलाई खाजा तथा खाना खर्च वापत प्रतिदिन रु ५००।०० का दरले खर्च दिएको देखिएकोमा सोही कार्यको लागि खाजा तथा खाना भनेर विकल्टा होमिष्टे र एञ्जिला खाजा घरको ३ वटा विलवाट रु.९८८०।०० भुक्तानी दिनु मितव्ययी नदेखिएको ।<br>• कन्टिन्जेन्सी : यस कार्यालयले पुँजिगत निर्माण कार्यमा कन्टिन्जेन्सी वाहेक रु १ लाख सम्मको लागतको काममा २ प्रतिशत , रु १ लाख देखी ३ लाख सम्मा ३ प्रतिशत ,३ लाख देखी ५ लाख सम्मा ४ प्रतिशत र ५ लाख देखी माथिको कार्यमा ५ प्रतिशत को दरमा कन्टिन्जेन्सी कट्टी गर्दै आएको देखिन्छ । तर कन्टिन्जेन्सी वापत जम्मा हुने रकमलाई कुनै छुट्टै कोषमा जम्मा नगरी सोझै खर्च लेखेकोले कन्टिन्जेन्सीको छुट्टै हिसाव राखेको देखिदैन । जसले गर्दा कन्टिन्वेन्सी वापत कति रकम जम्मा भयो भनि एकिन गर्न सकिएन । कार्यालयले योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी आर्थिक कृयाकलापलाई पारदर्शी वनाउनु पर्दछ ।<br>• उपभोक्ता समिति मार्फत हुने कार्य : पालिकाले उपभोक्ता समिति मार्फत हुने कार्यको लागि कम्तीमा १० प्रतिशत माथिको लागत सहभागित गराउने गरेको देखिन्छ भने सवै योजनाहरुमा नगद लागत सहभागित नभइ श्रम सहभागिता गराएको देखिन्छ ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिवाट हुने निर्माण आयोजनाहरुको कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख ,मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाइनै हस्तान्तरण गरेको देखिएन ।आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षणको लागि उपभोक्ता समितिलाई जिम्मेवार वनाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।आर.सि.सी . फ्रेम स्ट्रक्चर सहितका भवन,पुल जस्ता जटिल संरचना निर्माण गर्दा उपभोक्ता समिति भन्दा व्यावसायिक र अनुभवी निर्माण व्यावसायी तथा फर्मवाट वोलपत्र प्रतिस्पर्धा मार्फत गराउदा उपयुक्त हुने देखिन्छ । | |
| १२.४ | | | **शिर्षक फरक पारी खर्च लेखेको :** २८०।२०७९।२।२४ महालेखा नियन्त्रक कार्यालयले तिनै तहका कार्यालयका सरकारहरुको आम्दानी खर्च र सम्पति तथा दायित्वको लेखांकन तथा प्रतिवेदन गर्न "एकिकृत आर्थिक संकेत ,वर्गिकरण र व्याख्या ,२०७४" लागु गरेको छ।स्थानीय तहले पनि सोही आधारमा उल्लेखित खर्च शिर्षक अनुसार वजेट वर्गिकरण गरी खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले स्वास्थ्य शाखाको लागि मोटरसाइकल | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद वापत भिएस अटो मोवाइल्सलाइ रु २७३३२७।०० भुक्तानी दिदा खर्च संकेत ३११२१ को खर्च शिर्षक सवारी साधनवाट खर्च लेख्नुपर्नेमा खर्च संकेत २२५२१ को ल्याव एनालाइजर खरिदवाट खर्च लेखेको देखिएकोले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या ,२०७४ को पर्ण रुपमा पालना भएको नदेखिएकोले अनियमित देखिएको रु . | २७३,७२७ |
| १३ | | | **वित्तीय विवरण** | |
| १३.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• स्थानिय तहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन। यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी मौज्दात राखेको वा खर्च गरेको पाईयो ।<br>• सुत्रले तयार गरेको म ले प फा न २७२ को संचित कोष प्राप्ती तर्फ रु ३४२१७४१३३।९३ रहेकोमा कोष तथा लेखानियन्त्रक कार्यालय वाट प्राप्त प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु २७२००७८४४।००,वाँडफाँट वाट प्राप्त रकम रु ५४१६७६५१।१२ र आन्तरिक आम्दानी रु ६२४०८३४।०४ समेत रु ३३२४१६३२९।१६ हुने देखिन्छ सोही अनुसार हिसाव समायोजन गरेको छ ।<br>• पालिकाको संचित कोषको भुक्तानी तर्फ रु ३२३४९६३३९।०० मात्र देखिएकोमा उक्त रकममा सुत्र भन्दा वाहिर वाट कारोवारहरु नभएको हुँदा कुल खर्च समेत रु ३२३४९६३३९।०० नै हुने देखिन्छ ।<br>• पालिकाले प्राप्ती तर्फ विविध कोष तथा आन्तरिक राजस्व खाताको सवै हिसाव म ले प फा न २७२ को अनुसुची १५ मा कारोवारहरु प्रविष्टी गरेकोले अन्य तर्फको प्राप्ती र भुक्तानी नभएको देखिन्छ ।<br>• पालिकाले म ले प फा न २७२ को अनुसुची २४ मा बैंक बाँकी रु १८६७७७९४।०० देखाएकोमा सुत्रमा सवै समावेस भएकाले कारोवारहरु समावेस गर्दा उक्त मौज्दात रु १८६७७७९४।०० नै हुने देखिन्छ ।<br>• गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको रु ९७५७८०४।७७ अ.ल्या गर्नु पर्नेमा सोही अनुसार अ.ल्या गरेकोले गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार नै हिसाव समायोजन गरी हिसाव प्रस्तुत गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।</li>
<li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमा देहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।</li>
</ul>
<table>
<tr><th>विवरण</th><th>स्रेस्ता अनुसार</th><th>मलेप फा.न २७२ अनुसार</th><th>फरक रकम</th></tr>
<tr><td>गत वर्षको जिम्मेवारि</td><td>९७५७८०४।७७</td><td>१७०५१४४८।८७</td><td>७२९३६४४।१०</td></tr>
<tr><td>मौज्दात</td><td>३३१३८९७३।८३</td><td>३३१३८९७३।८३</td><td>०।००</td></tr>
<tr><td>धरौटी</td><td>८६६६६६१।५९</td><td>८६६६६६१।५९</td><td>०।००</td></tr>
<tr><td>आन्तरिक आय</td><td>६२४०८३४।०४</td><td>६२४०८३४।०४</td><td>०।००</td></tr>
<tr><td>कोष</td><td>५७९४५१७।३१</td><td>५७९४५१७।३१</td><td>०।००</td></tr>
</table>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष गत वर्षको मौज्दात रु ९७५७८०४।७७, कुल आन्तिरक आयबाट रु ६२४०८३४।०४ राजस्व बाँडफाँड रु ५४१६७६५१।१२ र अनुदानबाट रु २७२००७८४४।०० समेत रु ३४२१७४१३३।९३ आम्दानी भएकोमा चालु तर्फ रु १९०३९२०८५।०० र पूँजिगत तर्फ रु -१३३१०४२५४।०० र बित्तिय ब्यबस्था तर्फ रु ० समेत रु ३२३४९६३३९।००-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६६९५९५०।०० खर्च भएको छ जुन आन्तरिक आयको १०७.३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.९१ प्रतिशत चालु र ७६.१९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | **कानुन निर्माण तथा कार्यान्वयनः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ८ वटा नियमावली, २२ कार्यविधि २ वटा निर्देशिका लगायत ५३ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १४.२ | | | **न्यायिक सेवाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी सम्वन्ध विच्छेदको १ मुद्धा रहेकोमा पालिका वाट न्याय सम्पादन हुन नसकेकोले जिल्ला अदालतमा सिफारीस गरिएको पाइयो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १५ | | | **आर्थिक सहायता** | |
| १५.१ | | | **आर्थिक सहायता** :रकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम रु १३००००।०० आर्थिक सहायता विभिन्न व्यक्तीलाइ वितरण गरेको पाईयो । आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ.व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन् । | |

| गो.भा.न र मिति | आर्थिक सहायता पाउने व्यक्ति वा सँस्थाको नाम | सहायता रकम |
|---|---|---|
| २०५।०७८।१२।२८ | खिम वहादुर दर्जी | २०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९३।२०७९।३।१</td><td>विभिन्न व्यक्ति</td><td>७५०००</td></tr>
<tr><td>२३२।०७९।३।१४</td><td>टिका वहादुर वि क</td><td>१५०००</td></tr>
<tr><td>३४२।२०७९।३।२१</td><td>कुमार सुनार र टिकाराम कामी</td><td>२००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.५०००००।०० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।
<table>
<tr><th>गो भा न र मिति</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>३२०।२०७९।३।१५</td><td>ताराखोला मिडिया प्रा लि</td><td>कार्यालय व्यवस्थापन</td><td>३०००००</td></tr>
<tr><td>३५४।२०७९।३।२२</td><td>सामुदायिक रेडियो गल्लकोट</td><td>कार्यालय व्यवस्थापन</td><td>२०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च : स्थानीय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ पालिकाले भौ नं ३०६।०७९।३।१० र १४।०७८।९।१३ वाट क्रमशः ईलाका प्रहरी कार्यालय,ताराखोला लाइ रु.७०००।०० र जिल्ला जिल्ला प्रहरी कार्यालयलाइ फर्निचर खरिद वापत रु.१३०२४७।०० समेत रु.१३७२४७।०० खर्च लेखेको छ । पालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयको खर्च गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>कल्याण कोष — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक कोषवाट रु ५ लाख र राजस्व बाँडफाँट वाट रु ७ लाख समेत रु १२ लाख कर्मचारी कल्याण कोषमा वजेट</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विनियोजन गरेकोमा सो रकम संसोधन गरी प्रशासनिक भवन निर्माण वापत भुक्तानी गरेको पाइयो ।यस सम्वन्धमा बुझ्दा कर्मचारी कल्याण कोष सम्वन्धी कार्यविधी नवनेकोले सो रकम भवन निर्माण वापत भुक्तानी भएको कार्यालयको भनाइ रहेको छ ।कानुन तथा कार्यविधी वनाइ ऐनमा भएको व्यवस्था अनुसार कर्मचारी कल्याण कोषमा रकम राख्नुपर्ने देखिन्छ ।<br>खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट कुल रु ३०५३०००।०० खर्च गरेकोमा रु ७ लाख खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।कार्यालयका अनुसार विविध शिर्षकवाट अन्य कार्यक्रमहरु समेत सञ्चालन भएकोले ठुलो रकम विविध शिर्षकवाट खर्च भएको कार्यालयको भनाई रहेको छ। | |
| १७ | | | **बजेट तथा कार्यक्रम** | |
| १७.१ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| क सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | १४ | १३००००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ५२ | १४३६०००० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | १ | ७००००० |
| ४ | दश लाख एक देखि २० लाख सम्मका योजना | २ | १२००००० |
| ५ | २५ लाख भन्दा माथिका योजनाहरु | २ | ४९००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>

**क्षेत्रगत खर्चको स्थिति** :स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>वजेट मध्ये खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३२३१३</td><td>२०४८७</td><td>६३.४</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२०५४५४</td><td>१७४६९५</td><td>८५.०३</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>९६५३४</td><td>७३१४४</td><td>७५.७७</td></tr>
<tr><td>सुशासन तथाअन्तरसम्बन्धि क्षेत्र</td><td>१२२४६</td><td>९०३०</td><td>७३.७३</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>५६४४५</td><td>४६१३९</td><td>८१.७३</td></tr>
<tr><td>जम्मा</td><td>४०२९९३</td><td>३२३४९६</td><td>८०.८७</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१७.३</td><td></td><td></td><td>

**चौमासिक खर्चको स्थिति** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ७८ प्रतिशत खर्च भएको देखिन्छ भने आषाढ महिनामा मात्र ४३ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">पुँजिगत खर्च शिर्षक</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>कुल खर्च</td><td>१३३१०४</td><td>३७९०</td><td>२५४९५</td><td>१०३८१८</td><td>५७५९७</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>२.८५</td><td>१९.१५</td><td>७८</td><td>४३.२७</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.४ | | | **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले २०७८।३।१० गते रु. ३५ करोड ३० लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १८ | | | **बजेट तथा कार्यक्रम**<br>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८।७९ मा प्राप्त रकम र खर्च सम्बन्धी बिबरण निम्न अनुसार रहेको छ । | |

| आम्दानी श्रोत | रकम | खर्च शीर्षक | रकम रु |
|---|---|---|---|
| स्थानीय तहको बजेट | २९७८५७४.३१ | क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन | ३००००० |
| संघीय कोभिड कोष | १८४५३३० | औषधि तथा स्वास्थ्य उपकरण खरिद | २००००० |
| | | कोरोना जोखिम भत्ता | ५८५३३० |
| | | कोरोना राहात वितरण (१२६ जना लाभग्राही) | १२६०००० |
| | | विपद खाताको अन्य खर्च (कोरोना खर्च बाहेक) | १२६७२९५ |
| | | विपद व्यवस्थापन कोष खाताको मौज्दात | १२११२७९.३१ |
| जम्मा | ४८२३९०४.३१ | जम्मा | ४८२३९०४.३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १९.१ | | | **आन्तरिक नियन्त्रण**ः सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्रशासनिकतर्फ गाँउसभावाट ३२ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १९ स्थायी १ करार गरी कुल २० पदपुर्ती भई १२ दरवन्दी रिक्त रहेको देखिन्छ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू— जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७(२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २१ ऐन, ८ नियमावली, २२ कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । <br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको । <br>• सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७(१२) वमोजिम उपभोक्ता समितिवाट हुने निर्माण आयोजनाहरुको कार्यसम्पन्न भएपछि समुदायलाइनै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि योजना उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गरको देखिएन | |
| १९.२ | | | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ४४२, मृत्यु दर्ता १५७, विवाह १६१, सम्वन्ध विच्छेद ८ र बसाईसराई ८१ गरी ८४९ दर्ता तथा सिफारिस गरेको पाईयो ।पालिकाले अन्य सिफारिस समेत गरेको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १९.३ | | | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्शा पास नगराइ घर निर्माण गर्न नपाइने व्यवस्था उल्लेख छ ।गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति दिएको देखिएन ।गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्शाङकन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन वढाइ नक्शा पास गराउन प्रोत्साहित गरी गाँउपालकाको राजस्व वृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नु पर्दछ । | |
| १९.४ | | | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पूरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पूरा भएका छैनन भनी विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १९.५ | | | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च शिर्षकवाट रु. २९८९४८० छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| २० | | | **शिक्षा तर्फ** | |
| २०.१ | | | शिक्षा तर्फ दरवन्दी तथा पदपुर्ति : स्थानीय तह हरुमा रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपुर्ती भई नियमित पठन पाठनको व्यवस्था हुनु पर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपुर्तीको अवस्था एवम विद्यार्थीहरुको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><th>विद्यालय</th><th>शिक्षक दरवन्दी</th><th>स्थायी पदपुर्ती</th><th>पदपुर्ती मध्ये करार</th><th>बिद्यार्थी संख्या</th></tr><tr><td>२१</td><td>१३१</td><td>५७</td><td>७४</td><td>२४४४</td></tr></table>यस सम्वन्धमा निम्नानुसार रहेको छ ।<br>स्थानीय तह मातहतमा २१ विद्यालय रहेका छन ।दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरवन्दी स्वीकृती गरी आन्तरिक स्रोतवाट तलव भत्ता खुवाउने गरी पदपुर्ती गरी पठन पाठनको व्यवस्था मिलाएको छ ।<br>२१ विद्यालयमा १३१ शिक्षक दरबन्दी रहेकोमा ५७ पदमा स्थायी पदपुर्ती भएको, ७४ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।<br>विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । | |
| २०.२ | | | **विद्यालय सुधार तथा सामाजिक लेखापरीक्षण अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं ५.१ मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु. १०००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु. २०००० र आधारभूत तहलाई रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ। देहायका विद्यालयहरुलाई उक्त कार्यका लागि अनुदान दिएकोमा सो अनुरुप कार्य भए नभएको सम्वन्धमा कार्यालयवाट प्रभावकारी अनुगमन हुनु पर्दछ ।<br><table><tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>विद्यालय सुधार योजना</th><th>सा प र आ ले प</th><th>कुल रकम</th></tr><tr><td>१</td><td>जनप्रेम मा वि अमरभूमि</td><td>२००००</td><td>१५०००</td><td>३५०००</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २ | प्रजातन्त्र विकास मा वि | २०००० | १५००० | ३५००० |
| ३ | अमर प्रा वि अमरभूमि | २०००० | १५००० | ३५००० |
| ४ | अमर प्रावि अर्गल | २०००० | १५००० | ३५००० |
| ५ | सामुदायिक वि प्रावि | २०००० | १५००० | ३५००० |
| ६ | अर्गल प्रा वि | २०००० | १५००० | ३५००० |
| ७ | अर्गल मा वि | २०००० | १५००० | ३५००० |
| ८ | हरी मा वि हिल | २०००० | १५००० | ३५००० |
| ९ | जनता प्रा वि | २०००० | १५००० | ३५००० |
| १० | दिपज्योति प्रा वि | २०००० | १५००० | ३५००० |
| ११ | कांक्राखोर आ वि हिल | २०००० | १५००० | ३५००० |
| १२ | नेपाल मा वि तारा | २०००० | १५००० | ३५००० |
| १३ | रिडी प्रा वि | २०००० | १५००० | ३५००० |
| १४ | त्रिशुली प्रा वि | २०००० | १५००० | ३५००० |
| १५ | जुल्फे प्रा वि | २०००० | १५००० | ३५००० |
| १६ | युवावर्ष प्रा वि | २०००० | १५००० | ३५००० |
| १७ | दुर्गा भवानी मा वि | २०००० | १५००० | ३५००० |
| १८ | वाल कल्याण प्रा वि | २०००० | १५००० | ३५००० |
| १९ | वराहखोला आ वि हिल | २०००० | १५००० | ३५००० |
| २० | लावाङ प्रा वि | २०००० | १५००० | ३५००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१</td><td>मालारानी आ वि तारा</td><td>२००००</td><td>१५०००</td><td>३५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२००००</td><td>३१५०००</td><td>७३५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा वेरुजु फस्यौंट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा वेरुजु फस्यौंट गराउने कामा कर्तव्य प्रमुख प्रशासिकय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा निम्नानुसार रु २२२२४३९९।- सम्परीक्षण भएको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्यौंटको आधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>०७५।७६</td><td>१०</td><td>अबण्डा रकमलाई खर्च विनियोजन नगरी खर्च गरेको</td><td></td><td></td><td>नियमित</td><td></td><td>६३३२८२६</td></tr>
<tr><td>२</td><td></td><td>१३</td><td>क्षेत्र बाहिरका कार्यमा अनुदान</td><td></td><td></td><td>नियमित</td><td></td><td>५८००००</td></tr>
<tr><td>३</td><td></td><td>२०.११</td><td>फरक लाभग्राहिलाई भत्ता वितरण</td><td></td><td></td><td>नियमित</td><td></td><td>३२०००</td></tr>
<tr><td>४</td><td></td><td>२१</td><td>झोलुङ्गे पुल तर्फ लागतको बाँडफाँड</td><td></td><td></td><td>नियमित</td><td></td><td>१३७९७७</td></tr>
<tr><td>५</td><td></td><td>२३</td><td>वित्तिय समानिकरणबाट शिक्षामा खर्च</td><td></td><td></td><td>नियमित</td><td></td><td>४०२००००</td></tr>
<tr><td>६</td><td></td><td>२४</td><td>वित्तिय समानिकरण तर्फ उपभोक्ता समितिबाट असम्बन्धित कार्य गराएको</td><td></td><td></td><td>नियमित</td><td></td><td>१००४९५६</td></tr>
<tr><td>७</td><td></td><td>२६</td><td>पटक पटक सोझै खरिद</td><td></td><td></td><td>नियमित</td><td></td><td>२३०७२५७</td></tr>
<tr><td>८</td><td></td><td>२७</td><td>विवरण दाखिला नगरेको</td><td></td><td></td><td>नियमित</td><td></td><td>३६३६८९</td></tr>
<tr><td>९</td><td></td><td>२९</td><td>विविध तथा भैपरीमा खर्च</td><td></td><td></td><td>नियमित</td><td></td><td>७०००००</td></tr>
<tr><td>१०</td><td></td><td>३०</td><td>अनुगमन भत्ता</td><td></td><td></td><td>नियमित</td><td></td><td>११४९०००</td></tr>
<tr><td>११</td><td></td><td>३४</td><td>स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम</td><td></td><td></td><td>नियमित</td><td></td><td>१५७२२५६</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | | ३५ | बढी दररेट राखी लागत अनुमान तयार गरेको | | | नियमित | | ९०२६४४ |
| १३ | | ३९ | होमस्टेलाई अनुदान | | | नियमित | | ५००००० |
| १४ | | ४१.१ | नर्म्स तयार नगरी परामर्श सेवाको कार्य गराएको | | | नियमित | | ९९२२०० |
| १५ | | ४२.१ | अमानतबाट कार्य गराएको | | | नियमित | | १५३०७९४ |
| १६ | | ४२.४ | ज्याकेट वितरणको भरपाई पेश नभएको | | | नियमित | | ९८८०० |
| | जम्मा | | | | | | | २२२२४३९९.०० |